# प्रहरी महानिरीक्षकबाट अध्ययन प्रतिवेदन सार्वजनिक

काठमाडौं, कार्तिक ६ । नेपाल प्रहरीमा कार्यरत प्रहरी हवल्दार तथा जवानहरूको मनोबलको वर्तमान अवस्था, कारक तत्व तथा उत्प्रेरणा अभिवृद्धिका क्षेत्रहरू सम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक गरिएको छ । प्रहरी प्रधान कार्यालयमा बिहीबार आयोजित एक कार्यक्रमबीच प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले उक्त प्रतिवेदन सार्वजनिक गरेकाछन ।

आन्तरिक व्यवस्थापनले मातहत कर्मचारीहरूको मनोबलमा वृद्धि गर्न सकिने अध्ययन प्रतिवेदनबाट देखिएको बताउँदै प्रहरी महानिरीक्षक थापा क्षेत्रीले प्रतिवेदनबाट आएका निष्कर्षबाट कार्ययोजना तयार पारी त्यसलाई अवलम्बन गर्नुपर्नेमा जोड दिएकाछन । यस सम्बन्धी विगतमा थुप्रै अनुसन्धानका कार्यहरू भएको उल्लेख गर्दै अब बनाईने कार्ययोजना तथा नीतिहरूलाई कार्यान्वयनमा ल्याईने उनले बताए ।

कार्यक्रममा त्रिभुवन विश्वबिद्यालय द रिर्सच सेन्टर फर नेपाल एण्ड एशियन स्टडीज (सिनास) का कार्यकारी निर्देशक मृग्रेन्द्र बहादुर कार्की र गृहमन्त्रालयका सहसचिव थानेश्वर गौतमले अध्ययन प्रतिवेदन सन्दर्भमा आआफ्नो विचार व्यक्त गरेका थिए ।

उक्त अवसरमा प्रहरी उपरीक्षक मनोज कुमार केसीले अध्ययन प्रतिवेदन सार्वजनिकीकरण सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै प्रहरी प्रधान कार्यालय लगायत ७ वटै प्रदेशका विभिन्न १५ जिल्लाहरूमा उक्त सर्वेक्षण गरिएको जानकारी दिएकाछन ।

**ग्लोबल आइएमई बैंक लि.**

शंखमुल शाखाको निक्षेपउपर हकदाबी सम्बन्धी — ३५ दिने सूचना

यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएकी **टंक कुमारी महत**को मिति २०७३/११/२८ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा सिताराम महतले यस बैंकको शाखा कार्यालयमा मिति २०७७/०६/१३ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, शंखमुलमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**ग्लोबल आइएमई बैंक लि.**

घुलाबारी शाखाको निक्षेपउपर हकदाबी सम्बन्धी — ३५ दिने सूचना

यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएकी आमाको मिति २०७६/१२/०३ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा ओम प्रसाद खरेलले यस बैंकको शाखा कार्यालयमा मिति २०७७/०६/०७ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, घुलाबारीमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**ग्लोबल आइएमई बैंक लि.**

ज्ञानेश्वर २ शाखाको निक्षेपउपर हकदाबी सम्बन्धी — ३५ दिने सूचना

यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएका **गोबिन्द प्रसाद तिवारी**को मिति २०७६/१०/०२ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकको पत्नी श्रीमती भवानी देवी तिवारीले यस बैंकको शाखा कार्यालयमा मिति २०७७/०५/२६ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, ज्ञानेश्वर २ मा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**ग्लोबल आइएमई बैंक लि.**

वीरगंज २ शाखाको निक्षेपउपर हकदाबी सम्बन्धी — ३५ दिने सूचना

यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएका/भएकी **महमद एकराम शेष**को मिति २०७६/११/०७ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती (नाता) भएको रोक सानु खातुनले यस बैंकको शाखा कार्यालयमा मिति २०७७/०५/१६ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, वीरगंज २ मा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**ग्लोबल आइएमई बैंक लि.**

धापासी शाखाको निक्षेपउपर हकदाबी सम्बन्धी — ३५ दिने सूचना

यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएका **मिन कुमारी थपलिया**को मिति २०७६/११/०७ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनि मृतकको श्रीमान श्री भिम बहादुर थपलियाले यस बैंकको शाखा कार्यालयमा मिति २०७७/०७/०३ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, धापासीमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन, चन्द्रनिगाहपुर

**बोलापत्र स्वीकृत गर्ने आशयको सुचना**

सूचना प्रकाशन मिति २०७७/०७/०७

यस कार्यालयबाट नयापत्रिका राष्ट्रिय दैनिकको मिति २०७७/०५/१८ को संस्करणमा प्रकाशित बोलपत्रको सुचना अनुसार E-bidding मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तल उल्लेखित बोलपत्रहरु न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र ४७ को प्रयोजनको लागि सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | स्वीकृतका लागि छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (मु.अ.क.बाहेक) |
|---|---|---|---|
| 1 | RDCNP/33701143-077/78-14 | M/S Sony Builders & Engineering, Laltipur | 1945609.00 |
| 2 | RDCNP/33701143-077/78-15 | M/S Sony Builders & Engineering, Laltipur | 1956673.73 |
| 3 | RDCNP/33701143-077/78-16 | M/S Sony Builders & Engineering, Laltipur | 1822500.00 |
| 4 | RDCNP/33701143-077/78-17 | M/S Sony Builders & Engineering, Laltipur | 1994394.00 |
| 5 | RDCNP/33701143-077/78-18 | M/S Moktan Construction, Sarlahi | 1918500.00 |
| 6 | RDCNP/33701143-077/78-19 | M/S R.K. Construction, Sarlahi | 2116752.80 |
| 7 | RDCNP/33701143-077/78-20 | M/S Dinkar Construction, Sarlahi | 1763422.50 |
| 8 | RDCNP/33701143-077/78-21 | M/S Dinkar Construction, Sarlahi | 1811180.00 |
| 9 | RDCNP/33701143-077/78-22 | M/S Yub Infra Solution Pvt.Ltd. Sarlahi | 1636000.00 |
| 10 | RDCNP/33701143-077/78-23 | M/S Sahil Construction, Sarlahi | 1972593.60 |
| 11 | RDCNP/33701143-077/78-24 | M/S Shri Kamlesh Nirman Sewa, Sarlahi | 1913739.15 |
| 12 | RDCNP/33701143-077/78-25 | M/S R.K. Construction, Sarlahi | 1918237.50 |
| 13 | RDCNP/33701143-077/78-26 | M/S Nirajan Construction, Sarlahi | 1858000.00 |
| 14 | RDCNP/33701143-077/78-27 | M/S Shri Kamlesh Nirman Sewa, Sarlahi | 1922000.00 |
| 15 | RDCNP/33701143-077/78-28 | M/S M.R. Construction, Sarlahi | 1579900.00 |
| 16 | RDCNP/33701143-077/78-29 | M/S Nirajan Construction, Sarlahi | 1946000.00 |
| 17 | RDCNP/33701143-077/78-30 | M/S Dinkar Construction, Sarlahi | 1973014.30 |
| 18 | RDCNP/33701143-077/78-31 | M/S M.R. Construction, Sarlahi | 1766500.00 |
| 19 | RDCNP/33701143-077/78-32 | M/S Rajan Construction, Sarlahi | 2034603.00 |
| 20 | RDCNP/33701143-077/78-33 | M/S Sreeya Construction, Sarlahi | 2353509.65 |
| 21 | RDCNP/33701143-077/78-34 | M/S Chameli Mai Nirman Sewa, Sarlahi | 1811769.00 |

डिभिजन प्रमुख

# वित्तीय विवरण कात्तिक मसान्तसम्म सार्वजनिक गर्न पाइने

आर्थिक संवाददाता
काठमाडौं, कात्तिक ६

नेपाल राष्ट्र बैंकले बैंक तथा फाइनान्स कम्पनीहरूलाई चालू आर्थिक वर्षको पहिलो त्रैमासिक अपरिष्कृत वित्तीय विवरण सार्वजनिक गर्नको लागि यही कात्तिक मसान्तसम्मको समय तोकेको हो ।

'एकीकृत निर्देशन २०७७ अनुसार हरेक त्रैमासिकमा त्रैमासिक सकिएको १५ दिनभित्र अन्तरिम वित्तीय प्रतिवेदन तोकिएको ढाँचामा सार्वजनिक गरिसक्नुपर्ने व्यवस्था रहेको थियो', राष्ट्र बैंकले वाणिज्य बैंक, विकास बैंक र फाइनान्स कम्पनीको नाउँमा सूचना जारी गर्दै भनेको छ । यो व्यवस्थामा केही सहुलियत दिँदै चालू आवको पहिलो त्रैमासिकको लागि मात्र उक्त थप समय दिएको राष्ट्र बैंकले जानकारी दिएको छ ।

## २० रुपैयाँ दरको नयाँ नोट चलनचल्तीमा



यसैबीच राष्ट्र बैंकले बिहीबारदेखि २० रूपैयाँ दरको नयाँ नोट चलनचल्तीमा ल्याएको छ । राष्ट्र बैंकले सार्वजनिक रूपमा सूचना जारी गर्दै साबिककै आकार, रंग र बाह्रसिंगेको चित्र रहेको २० रूपैयाँ दरको नयाँ नोट चलनचल्तीमा ल्याइएको जानकारी दिएको छ । उक्त नोटको अग्रभागमा सगरमाथाको चित्र, नोटको दायाँतर्फ लालीगुराँसको पानीछाप, नोटमा गभर्नरको दस्तखत रहने स्थानमा तत्कालीन गभर्नर डा. चिरञ्जीवी नेपालको दस्तखत र नोटको तल्लो भागको बोर्डरमा सेरिज नम्बर नेपालीमा वि.सं. २०७६ लेखिएको उल्लेख छ ।

नोटको पृष्ठभागअन्तर्गत नोटको मध्यभागको माथिल्लो खण्डमा अंग्रेजीमा नेपाल राष्ट्र बैंक लेखिएको, नोटको मध्यभागमा बाह्रसिंगेको चित्र, नोटको तल्लो भागको बोर्डरमा अंग्रेजीमा रूपिज ट्वान्टी लेखिएको र नोटको तल्लो भागको बोर्डरमा नोटको सेरिज नम्बर अंग्रेजीमा २०२० एडी लेखिएको छ ।

## सामान्यबाट...

धान काट्ने समय सुरू भएको र केही खाद्यान्न आयात पनि भइरहेकोले खाद्यान्नमा समस्या नहुने बताएको छ । यस्तै असोज महिनमा प्रतिदिन औसत पाँच हजार सात सय मेट्रिक टन खाद्यान्न आयात गरिएको छ भने खाद्यान्नको अलावा सोही समयमा दाल तथा गेडागुडी प्रतिदिन सात सय मेट्रिक टन आयात गरिएको छ ।

**इन्धनको समस्या नहुने**

मन्त्रालयले चाडबाडमा इन्धनको समस्या नहुने बताएको छ । मन्त्रालयका अनुसार हाल पेट्रोलियम पदार्थको आपूर्तिमा समस्या नहुँदा आयातले निरन्तरता पाएको बताइएको छ । नेपाली बाजरमा भारतको मोतीहारीदेखि अमलेखगञ्जसम्म निर्माण गरी सञ्चालनमा ल्याइएको पेट्रोलियम पाइपलाइनबाट डिजेलको निर्बाध आपूर्ति भइरहेकाले डिजेलको आपूर्ति र मूल्य दुवैमा सकारात्मक प्रभाव परेको बताइएको छ । गत वर्ष एक सय रूपैयाँ प्रतिलिटरको हाराहारीमा रहेको डिजेलको मूल्य हाल प्रतिलिटर ९० रूपैयाँको हाराहारीमा छ । गत वर्षको तुलनामा पेट्रोलियम पदार्थको मूल्य घटेको छ ।

यस्तै मन्त्रालयका अनुसार नेपालले भारतको इण्डियन आयल कर्पोरेसनबाट पेट्रोलियम पदार्थ खरिद गर्ने र उसले प्रत्येक १५ दिनमा मूल्यसूची अद्यावधिक गर्ने भएकाले आगामी १५ दिनसम्म मूल्यमा वृद्धि हुने अवस्था नरहेको बताएको छ ।

गत वर्ष ९० रूपैयाँ रहेको आन्तरिक हवाइ इन्धनको मूल्य हाल ६५ रूपैयाँ छ भने अन्तर्राष्ट्रिय हवाइ इन्धनको मूल्य गत वर्ष प्रतिकिलोलिटर अमेरिकी डलर एक हजार ५० रहेकोमा हाल अमेरिकी डलर आठ सय ६८ रहेको छ । कोभिडका कारण चैत/वैशाख महिनामा पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्यमा भारी गिरावट आई प्रतिब्यारेल १५ अमेरिकी डलर (करिब साढे १७ सय रूपैयाँ)सम्म पुगेको कच्चा तेलको मूल्य हाल ४५ अमेरिकी डलर (करिब ५२ सय) को हाराहारीमा पुगेको छ ।

यस्तै खाना पकाउने ग्यासको मूल्य र आपूर्ति स्थिर रहेको छ । नेपालमा मासिक ४० हजार मेट्रिक टन ग्यासको खपत हुने गरेकोमा हाल ४० हजार मेट्रिक टनभन्दा केही बढी नै आयात भइरहेको मन्त्रालयले जानकारी दिएको छ । चाडबाडको समय र जाडोयाममा ग्यासको खपत बढ्ने भए पनि इण्डियन आयल कर्पोरेसनसँग मासिक ४५ हजार मेट्रिक टन ग्यास उपलब्ध गराउन अनुरोध गरिएकाले समस्या पर्ने देखिँदैन । यसका साथै विद्युत् आपूर्तिमा सुधार भएका कारण पनि खाना पकाउने ग्यासको अभाव हुने स्थिति नभएको बताइएको छ ।

## सात सय...

फाइनान्स कम्पनीहरूको कुल शाखा संख्या भने नौ हजार आठ सय ५१ पुगेको छ । जसमध्ये वाणिज्य बैंकहरूको कुल शाखा संख्या चार हजार पाँच सय पाँचवटा, विकास बैंकहरूको एक हजार २१ वटा, फाइनान्स कम्पनीहरूको दुई सय ४६ वटा र लघुवित्त वित्तीय संस्थाहरूको चार हजार ७९ वटा शाखाहरू सञ्चालनमा रहेका छन् । राष्ट्र बैंकका अनुसार यसअघि अर्थात् २०७६ असार मसान्तसम्ममा बैंक तथा फाइनान्स कम्पनीहरूको कुल शाखा संख्या आठ हजार छ सय ८६ रहेको थियो ।

राष्ट्र बैंकका अनुसार २०७७ को भदौ मसान्तसम्ममा प्रदेश नम्बर १ मा एक सय ३७ स्थानीय तह रहेकोमा एक सय ३६ स्थानीय तहमा बैंकहरूको शाखा पुगेको छ । प्रदेश नम्बर दुईमा पनि एक सय ३६ स्थानीय तह रहेकोमा एक सय ३६ स्थानीय तहमा नै बैंकहरूको शाखा पुगेको छ । वाग्मती प्रदेशमा एक सय १९ स्थानीय तह रहेकोमा एक सय १७ स्थानीय तहमा बैंकहरूको शाखा पुगेको छ । यसैगरी गण्डकी प्रदेशमा ८५ स्थानीय तह रहेकोमा ८५ स्थानीय तहमा बैंकहरूको शाखा पुगेको छ । प्रदेश नम्बर ५ मा पनि एक सय नौ स्थानीय तह रहेकोमा एक सय नौ नै स्थानीय तहमा नै बैंकहरूको शाखा पुगेको छ ।

यसैगरी कर्णाली प्रदेशमा ७९ स्थानीय तह रहेकोमा ७८ स्थानीय तहमा बैंकहरूको शाखा पुगेको छ । सदुर पश्चिम प्रदेशमा भने ८८ स्थानीय तह रहेकोमा ८६ स्थानीय तहरूमा बैंकहरूको शाखा पुगेका छन् ।

## निर्यात...

प्रतिशत अर्थात् ४२ अर्ब ६७ करोड ९५ लाखले कमी आएको छ । चालू आवमा व्यवसायीहरूले दुई खर्ब ९२ अर्ब २६ करोड ९८ लाख रूपैयाँ मूल्यबराबरको सामग्री आयात गरेकोमा गत आवमा तीन खर्ब ३४ अर्ब ९४ करोड ९३ लाख रूपैयाँ मूल्यबराबरको सामग्री आयात गरिएको छ ।

नेपालले पेट्रोलियम पदार्थका साथै हवाइ तथा सवारीसाधनका महंगा पार्ट्स तथा कृषिजन्य सामग्रीलगायतका वस्तु आयात गर्ने गरेकोमा सोमा समेत कमी आउँदा आयातको सूचकांकमा कमी देखिएको विभागका अधिकारीहरूको भनाइ छ । उनीहरूले खाद्यान्न, तरकारीलगायतका सामग्री समेत मुलुकमा तेस्रो मुलुकबाट आउने गरेकोमा त्यसमा कमी आएको बताएका छन् ।

यस्तै समीक्षा अवधिमा कुल वैदेशिक व्यापारघाटामा समेत ११ प्रतिशत अर्थात् ३८ अर्ब ८० करोड एक लाख रूपैयाँ रहेको छ । चालू आवमा कुल वैदेशिक व्यापारघाटा तीन खर्ब २३ अर्ब ३१ करोड ५९ लाख रूपैयाँ रहेकोमा गत आवमा तीन खर्ब ६२ अर्ब ११ करोड ६१ लाख रूपैयाँ रहेको छ ।

यस्तै आयातनिर्यातको सूचकांक समीक्षा अवधिमा २४ प्रतिशतले कमी देखिन्छ भने चालू आवमा १० प्रतिशत र गत आवमा १२ प्रतिशत रहेको छ । यस्तै कुल व्यापारको निर्यात प्रतिशत समीक्षा अवधिमा २८ प्रतिशतले वृद्धि भएको देखिन्छ भने चालू आवमा १० प्रतिशत र गत आवमा सात प्रतिशत रहेको छ भने उक्त अवधिमा कुल आयात प्रतिशत तीन प्रतिशतले कमी आएको देखिन्छ जुन चालू आवमा ९० प्रतिशत र गत आवमा ९२ प्रतिशत रहेको पाइन्छ ।

सरोकारवालाहरूका अनुसार मुलुकमा तरकारीदेखि खाद्यान्न, मेसिनरी औजार तथा पार्टपुर्जा, इन्धनलगायतका अधिकांश सामग्री आयात गर्ने हुँदा मुलुकको व्यापार सदैव अत्यासलाग्दो देखिन्छ । त्यसैले सरकारले उत्पादनमा जोड नदिँदा मुलुकको व्यापार अत्यासलाग्दो रहेको उनीहरूको भनाइ छ ।

## नेपालमा...

कोरोना पुष्टि भएको छ । त्यस्तै ३ हजार २ सय १५ जना कोरोनाबाट निको भएका छन् भने २१ जनाको मृत्यु भएको छ । उक्त अवधिमा १५ हजार २ सय ५५ जनाको पीसीआर परीक्षण गरिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । यो अवधिमा काठमाडौं उपत्यकामा मात्रै १ हजार ५ सय ५२ जना संक्रमित भेटिएका छन् । उपत्यकाका तीन जिल्लामध्ये काठमाडौंमा १८ हजार ९ सय ६२ सक्रिय संक्रमित छन् । त्यस्तै भक्तपुर र ललितपुरमा क्रमशः १ हजार ३ सय ९ र २ हजार ९ सय ८४ सक्रिय संक्रमित छन् ।

## पाँच दिन नियमित पत्रकार सम्मेलन नहुने

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट कोभिड–१९ का बारेमा जानकारी दिन गरिने नियमित पत्रकार सम्मेलन पाँच दिनका लागि स्थगन गरिएको छ । बडादशैंका कारण पत्रकार सम्मेलन यही कात्तिक ७ देखि कात्तिक ११ गतेसम्मका लागि स्थगन गरिएको जनाइएको छ ।

मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले अब कात्तिक १२ गतेदेखि हुने नियमित पत्रकार सम्मेलन थप परिमार्जनसमेत हुने बताए । उनले कोभिड -१९ का बारे भने सामाजिक सञ्जालबाट जानकारी गराइने पनि बताए । मन्त्रालयले दुई सय ५६ दिनदेखि लगातार नेपालमा कोभिड -१९ का बारे नियमित पत्रकार सम्मेलनबाट जानकारी गराउँदै आएको छ ।

## विश्व....

ल्याउन अनुमति प्रदान गर्ने निर्णय यही कात्तिक ४ गते बसेको मन्त्रिपरिषद्को बैठकले गरेको सञ्चार तथा सूचना प्रविधि मन्त्री गुरूङले जानकारी दिए ।

बैठकले सैनिक विशेष अदालतका अध्यक्षमा अदालतको कामकाजसमेत गर्ने गरी उच्च अदालत, पाटनका न्यायाधीश लोहितचन्द्र शाहलाई र काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा २३ बमोजिम पुनरावेदन समितिका अध्यक्षमा अदालतको कामकाजसमेत गर्ने गरी उच्च अदालत, पाटनका न्यायाधीश माधवप्रसाद पोखरेललाई तोक्ने निर्णय गरेको छ ।

यसैगरी सरकारले भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी ऐन, २०७२ को दफा २६ को उपदफा (२) बमोजिम पुनरावेदन समितिका अध्यक्षमा अदालतको कामकाजसमेत गर्ने गरी उच्च अदालत, पाटनका न्यायाधीश मोहम्मद जुनैद आजादलाई तोकेको छ । सरकारले विशेष अदालतका अध्यक्षमा उच्च अदालत दिपायलका न्यायाधीश प्रेमराज कार्की तथा सदस्यमा उच्च अदालत सुर्खेत, जुम्ला इजलासका न्यायाधीश अब्दुल अजिज मुसलमान र उच्च अदालत सुर्खेतका न्यायाधीश नित्यानन्द पाण्डेलाई तोक्ने निर्णय गरेको उनले बताए ।

यसैगरी राजस्व न्यायाधिकरण, काठमाडौंका कानून सदस्य एवम् अध्यक्षमा उच्च अदालत, पाटनका न्यायाधीश विनोद शर्मा, राजस्व न्यायाधिकरण, विराटनगरका कानून सदस्य एवम् अध्यक्षमा उच्च अदालत, विराटनगरका न्यायाधीश सत्यमोहन जोशी थारू र राजस्व न्यायाधिकरण, नेपालगञ्जका कानून सदस्य एवम् अध्यक्षमा उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासका न्यायाधीश केशवराज जोशीलाई तोकिएको छ ।

बैठकले न्यूनतम समर्थन मूल्यमा धान खरीद र व्यवस्थापन गर्ने निर्देशिका, २०७७ स्वीकृत गरेको छ । स्याङ्जा, चापाकोट-१ को ४६-१३-२-१ रोपनी जग्गा चापाकोट बहुमुखी क्याम्पसलाई सरकारी जग्गा दर्ता तथा भाडामा उपलब्ध गराउने निर्णय गरिएको मन्त्री गुरूङले जानकारी दिए ।

यसैगरी नेपाली सेनाका महासेनानी दीपेशजङ्ग शाहसमेत तीन महासेनानीको बढुवा गरी पदस्थापन तथा सहायकरथी कृष्णमुरारी न्यौपानेसमेत पाँच सहायक रथीको सरूवा गर्ने निर्णय गरिएको छ ।

बैठकले कोभिड-१९को प्रभावसमेतका कारण तत्काल नेपाल रेडक्रस सोसाइटीको नयाँ कार्यसमितिको निर्वाचन हुन सक्ने अवस्था नरहेको र यसको कामकाज यथावत् सञ्चालन गर्न आवश्यक भएकाले तदर्थ समितिले एक वर्षभित्र नयाँ कार्यसमिति गठन गर्ने र सो गठन नभएसम्म तदर्थ समितिले नियमित कार्यसञ्चालन गर्ने गरी बाधा अड्काउ हटाउने आदेश जारी गर्ने निर्णय गरेको छ । समाजकल्याण ऐनबमोजिम नेपाल सरकारले गत साउन १२ गते सोसाइटी केन्द्रीय कार्यसमिति विघटन गरी सोही ऐनबमोजिम तदर्थ समिति गठन गरेको थियो ।